# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

विराटचौक, मोरङ
१ नं. प्रदेश, नेपाल


प.सं.सा.०७४/७५
च.नं. ९३८६

मिति २०७४/१०/२१

**बिषय : ईच्छा पत्र पेश गर्ने बारे ।**

उपरोक्त सम्बन्धमा सुन्दरहरैंचा नगरपालीकाको आ.व.२०७४/७५ को (कृषि तर्फ) स्विकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत तपसिल अनुसारका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन ईच्छुक सम्बन्धित निकायमा दर्ता भएका कृषक समुह /कृषि सहकारी संस्था/जल उपभोक्ता संस्था / कम्पनी/ कृषि फर्म तथा उद्यमी कृषकहरुले आवस्यक कागजात सहित यहि मिति २०७४/११/०८ गते कार्यालय समय भित्र यस नगरपालिकामा आबेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम ७ वटा

- संचालन हुने क्षेत्र :- सम्भावना रहेका सुन्दरहरैंचा न.पा.का वडाहरुमा ।
- क्षेत्रफल :- वाली वस्तुहरुमा प्रति पकेट १० हेक्टर (१५ विगाहा) वा मौरीको हकमा न्यूनतम ५०० आधुनिक घारमा मौरी पालन गर्ने वा कन्ये र गोब्रे च्याउको हकमा न्यूनतम १००० के.जि. वीउ उपयोग गरी खेती गर्ने र प्लाष्टिक घरमा गरिने खेतीको हकमा कम्तिमा १ हेक्टर (३० कठ्ठा) क्षेत्रफलमा फैलिएंको प्लाष्टिक घरहरु भएको वा माछा पालनको हकमा न्यूंनतम ६ हेक्टर (९ बिगाहा) जलासय क्षेत्रफलमा फैलिएको हुनु पर्ने छ ।

२. निबेदन साथ पेश गर्नु पर्ने कागजातहरु :-

- निबेदनमा रु १०/को टिकट टाँस गर्नु पर्ने छ ।
- कृषक समुह /कृषि सहकारी संस्था/जल उपभोक्ता संस्था / कृषि कम्पनी/ कृषि फर्म तथा उद्यमी कृषकहरुले नाम ठेगाना र सम्पर्क मोबाईल नं अनिबार्य लेख्नु पर्ने छ ।
- समुह /संस्थाको दर्ता प्रमाण पत्र, संस्थाहरुको हकमा पान नंम्बर र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।
- समुह/संस्थाहरुले कार्यक्रम गर्ने जग्गाहरुको क्षेत्रफल खुलेको निर्णयको प्रतिलिपी ।
- कार्यक्रम संचालन गर्ने जग्गाको क्षेत्रफल खुलेको जग्गा धनिपूर्जाको प्रतिलिपि संलग्न राख्नु पर्ने छ भने भाडामालिएको जग्गामा कार्यक्रम संचालन गर्ने भए कम्तिमा १० वर्षकोलागि गरिएको करारनामा वा भाडा सम्झौता पत्र ।
- नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपी ।
- वडा कार्यालयको सिफारीस पत्र ।

छनौटका आधारहरु :-

१) सडकको पहुँच वा हुन सक्ने ।
२) सिंचाईको उपलब्धता भएको वा हुन सक्ने ।
३) बिद्युतको उपलब्धता भएको वा हुन सक्ने ।
४) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा हुन सक्ने ।
५) बित्तिय संस्थाहरुको पहुँच वा हुन सक्ने ।

(नोट : गत आ.व.मा ईच्छा पत्र पेश गरी प्रमाण पत्र लिएका सम्बन्धित निकायहरुले पुन ईच्छा पत्र पेश गर्नु पर्ने छैन )

लेखा अधिकृत

थप जानकारीको लागि सुन्दरहरैंचा नगरपालिकाको कृषि प्रसार शाखामा सम्पर्क गर्नु हुन ।


फोन नं:५४५०५०-०२१ .
वेवसाइट: www.sundarharaichamun.gov.np, ईमेल: sundarharaichamun@gmail.com